# स्थानीय राजपत्र

ईन्द्रावती गाउँपालिका द्धारा प्रकाशित

खण्ड ६) नवलपुर, सिन्धुपाल्चोक, पुष ७ गते, २०७९ साल (संख्या १०

## भाग २

### स्थानीय सरकार

## ईन्द्रावती गाउँपालिका

**नवलपुर, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल**

## ईन्द्रावती गाउँ पालिका गाउँकार्यपालिकाको कार्यालयको सूचना

**ईन्द्रावती गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# वाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७९

# वाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७९

## प्रस्तावना

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट निर्माणका लागि लोकतान्त्रीक गणतन्त्र र संघिय संरचनाको व्यवहारिक कार्यान्वयनको मर्मलाई आत्मसाथ गर्दै संविधानको मौलिक हक अन्तर्गत उल्लेखित वाल अधिकारका व्यवस्थाहरु तथा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्वमा उल्लेखित वालवालिकाको सर्वोत्तम हितलाई कार्यान्वयन ल्याउन वालवालिका सम्वन्धी ऐन २०७५ को व्यवहारीक कार्यान्वयनका लागि संविधानको अनुसूची ८ मा उल्लेखित एकल अधिकार तथा अनुसूची ९ मा उल्लेखित साझा अधिकारको सूचीका आधारमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २१ ले दिएको अधिकार अधिकार प्रयोग गरी ईन्द्रावती गाउँपालिकाको मिति २०७९।०९।०७ गते वसेको गाउँ कार्यपालिकाको वैठकवाट यो कार्यविधि पारित गरेको छ ।

## परिच्छेद - १
## नाम र परिभाषा

१. नाम : यस नियमको नाम “बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि २०७९” रहनेछ ।

२. लागु हुने मिति : यो कार्यविधि ईन्द्रावती गाउँपालिकाको ईन्द्रावती राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

३. परिभाषा : विषय वा प्रसँगले अन्यथा अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि निम्न परिभाषाहरु कायम गरिएको छ ।

क) कार्यविधि भन्नाले ईन्द्रावती गाउँपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्वन्धी कार्यविधि, २०७९ लाई सम्भनुपर्छ ।

ख) ऐन : भन्नाले नेपाल सरकारले लागु गरेको बालबालिका सम्बन्धी ऐन, २०७५ लाई सम्भनुपर्दछ ।

ग) संविधान भन्नाले नेपालको संविधान, २०७२ र यसका ब्यबस्थाहरु सम्भनु पर्दछ ।

घ) समिति भन्नाले यस दफा अन्तर्गत गठन भएको ईन्द्रावती गाउँपालिका बालअधिकार समिति र प्रत्येक वडामा गठन भएका वडा वाल अधिकार समिति भन्ने सम्भनुपर्दछ ।

ङ) परिषद भन्नाले बालबालिका सम्वन्धी ऐन, २०७५ र त्यसको नियमावली अन्तर्गत गठन भएको राष्ट्रिय बालअधिकार परिषद सम्भनुपर्दछ ।

च) प्रदेश समिति भन्नाले : प्रदेश वालवालिका सम्वन्धी ऐन २०७६ वमोजिम गठन भएको प्रदेश बाल अधिकार समिति सम्भनुपर्दछ ।

छ) गाउँपालिका स्तरिय समिति भन्नाले : गाउँपालिका वालवालिका ऐन २०७५ वमोजम गठन भएको गाउँपालिका स्तरिय वाल अधिकार समिति सम्भनु पर्छ ।

ज) नेपाल सरकार भन्नाले : नेपालको संघीय सरकार सम्भनुपर्दछ ।

झ) विशेष संरक्षणको आवश्यकता भएका बाल-बालिका भन्नाले : बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा

४८ मा उल्लेखित विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिका सम्झनुपर्दछ ।

भ) **“वालवालिका विरुद्धको कसुर”** भन्नाले वालवालिका सम्वन्धि ऐन, २०७५ को दफा ६६ मा तथा वागमती प्रदेश सरकारको प्रदेश बालबालिका सम्वन्धि ऐन, २०७६ **र गाउँपालिकाको वालवालिका ऐन मा** उल्लेखित कसुरहरु सम्झनुपर्दछ

ञ) बालकल्याण अधिकारी : भन्नाले बालबालिका सम्वन्धि ऐन, २०७५ को दफा ६१ अनुसार ईन्द्रावती गाउँपालिकामा खटिएको कर्मचारी सम्झनुपर्दछ ।

ट) स्थानीय बाल कल्याण सहजकर्ता भन्नाले दफा १९ बमोजिम स्थानीय स्तरमा गाउँपालिकाबाट नियुक्त भएको वा तोकिएको सहजकर्ता सम्झनु पर्दछ ।

ठ) समाजसेवी भन्नाले बालबालिका सम्वन्धि ऐन, २०७५ मा भएको व्यवस्था १ वमोजिम ईन्द्रावती गाउँपालिकामा सूचिकृत समाजसेवी तथा सामाजिक कार्यकर्ता सम्झनु पर्दछ । यस शब्दले यसरी सूचिकृत सघ संस्थालाई समेत जनाउनेछ ।

ड) बाल मनोविज्ञ भन्नाले बालबालिका सम्वन्धि ऐन, २०७५ मा भएको व्यवस्था अनुसार ईन्द्रावती गाउँपालिकामा सुचीकृत बालमनोविज्ञ तथा मनोसामाजिक कार्यकर्ता सम्झनु पर्दछ । यस शब्दले यसरी सूचीकृत सघ संस्थालाई समेत जनाउनेछ ।

ढ) यस कार्यविधिमा उल्लेख भएका अन्यको शब्दावली नेपाल सरकारको बालबालिका सम्वन्धी ऐन, २०७५ र वागमती प्रदेशको बालबालिका सम्वन्धी ऐन २०७६ र

गाउँपालिकाको वालवालिका सम्वन्धि ऐन २०७९ अनुसार परिभाषित भए वमोजिमको हुनेछ ।

# परिच्छेद - २

# बाल अधिकार कार्यान्वयन र संरक्षणको नितिगत मापदण्ड

४. ईन्द्रावती गाउँपालिकाले तलका दफाहरुमा उल्लेख भएका बालअधिकार मापदण्डहरु लागु गर्नेछ ।

**५. विद्यालयमा बालअधिकार सम्वन्धी नीतिगत मापदण्ड ।**

क) विद्यालयका भौतिक पुर्वाधार उमेर अनुरुप बालमैत्री तथा दुर्घटनाबाट सुरक्षित हुनेछ ।

ख) सबै बिद्यालय परिसर पर्खाल वा घेराबार लगाई अवाञ्छीत ब्यक्ति तथा चौपाया आदिको प्रवेश नियन्त्रण भएको हुनेछ ।

ग) विद्यालयमा अवाञ्छित राजनितिक गतिविधि, हस्तक्षेप तथा बालबालिका एवं शिक्षकहरुको दलगत राजनितिक परिचालन पुर्णत निषेधित भएको हुनेछ ।

घ) प्रचलित कानुन बाहेक बिनाकारण विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालबाट निश्कासन गरिने छैन ।

ङ) प्रत्येक विद्यालयको पकड क्षेत्रमा कम्तीमा १० वढीमा ३० विद्यार्थी बराबर एक बालविकास केन्द्र सञ्चालन भएको हुनेछ ।

च) विद्यालयमा शिक्षक, विद्यार्थी, प्रशासक एवं अविभावक तथा आगन्तुकहरुले बालबालिकाबिच कुनै पनि प्रकारका

भेदभाव, शारिरिक तथा मानसिक एवं यौन हिंसा र दुर्व्यवहार, अवहेलना गर्न निषेध गरिएको छ ।

छ) प्रत्येक विद्यालयमा सफा र सुद्ध पिउने पानी, शौचालयमा पर्याप्त पानीको ब्यबस्था, किशोरीहरुका लागि महिनावारी प्याड तथा प्राथमिक उपचार बाकसको ब्यबस्था एवं जुनीयर रेडक्रस सर्कल तथा स्काउट टुप गठन गरी सञ्चालन गरिनेछ ।

ज) प्रत्येक विद्यालयमा साप्ताहिक रुपमा बालबालिकाको प्रतिभा प्रस्फुटन, सृजना तथा खेलकुद र साहित्यका कार्यक्रम सञ्चालन भएको हुनेछ ।

झ) विद्यालयमा शिक्षा तथा अन्य सुविधाका नाममा धार्मिक गतिविधि पुर्णतया निषेध गरिएको छ र धार्मिक द्वेष फैलाउने, धर्म परिवर्तन गर्न लगाउने र फर गरिनेछ जात, समुदाय, सम्प्रदाय तथा संस्कृति प्रति द्वेष तथा घृणा जगाउने कार्य निषेधित गरिएको छ ।

ञ) बिद्यालयहरुमा बिद्यालयसँग सम्बद्ध सरोकारवाला हरुको आचार संहिता बनाई लागु गरिनेछ । आचारसंहिताको नमुना अनुसुची १ मा उल्लेख गरिएको छ ।

## ६. स्वास्थ्य संस्थामा बालअधिकार सम्वन्धि मापदण्ड

क) स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार सरसफाइयुक्त, सुरक्षित र बालमैत्री हुनपर्नेछ ।

ख) स्वास्थ्य संस्थाहरुले अनिवार्य रुपमा न्युनतम महिनाको एक पटक निस्शुल्क औषधी र परिक्षण सुविधा सहितको विद्यालय स्वास्थ्य शिविर सञ्चालन गर्नेछन् ।

ग) निजी स्वास्थ्य संस्थाहरुले गाउँपालिका भित्रको कुनै एक सार्वजनिक विद्यालय र एक सामुदायिक बस्तीलाई

आफ्नो सेवा क्षेत्र मानी निःशुल्क औषधी तथा उपचार सेवा प्रदान गर्नेछन् ।

घ) स्वास्थ्य कार्यकर्ता तथा स्वयंसेविकाहरुलाई बाल अधिकार, बाल संरक्षण विषयमा प्रशिक्षित र परिचालन गरिनेछ ।

ङ) सामुदायिक तथा सरकारी स्वास्थ्यकेन्द्रबाट न्युनतम बार्षिक २ पटक खोप, पोषण तथा मातृशिशु स्याहार सम्वन्धी कार्यक्रम बस्ती तथा विद्यालयस्तरमा सञ्चालन गरिनेछ ।

घ) बालबालिकालाई पुर्ण खोप सुनिश्चितताका लागि स्वास्थ्य संस्थाहरुलाइ परिचालन गरिने छ ।

**७. गाउँपालिका तथा वडा कार्यालयहरुमा बाल अधिकार सम्वन्धी मापदण्ड**

क) गाउँपालिका तथा वडा कार्यालय एवं मातहतका कार्यालयहरुमा अपागंतामैत्री तथा वालमैत्री पुर्वाधार निर्माण गरिनेछ

ख) गाउँपालिका तथा वडा कार्यालयका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अनिवार्य रुपमा बालअधिकार तथा बालमैत्री ब्यबहार र बालमैत्री शासन अभ्यास सम्वन्धी प्रशिक्षण प्रदान गरिनेछ ।

ग) गाउँपालिका तथा वडा कार्यालयहरुले योजना निर्माण, अनुगमन तथा सार्वजनिक सुनवाइका समयमा बाल सञ्जालका प्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउने छन् ।

घ) सबै वडा कार्यालयहरुमा स्तनपान कक्षको स्थापना गरिनेछ ।

## ८. सार्वजनिक स्थल तथा निर्माणका कार्यमा बाल अधिकार मापदण्ड

क) प्रत्येक वडामा न्युनतम एक बाल उद्यानको निर्माण र सञ्चालन हुनेछ ।

ख) प्रत्येक वडामा एक बाल पुस्तकालय तथा वाचनालयको स्थापना र सञ्चालन हुनेछ ।

ग) गाउँपालिकास्तरमा बाल सृजना केन्द्रको स्थापना हुनेछ ।

घ) सार्वजनिक स्थलहरु मदिरापान, वालवालिकाहरु रहने सार्वजनिक स्थल कम्तिमा ५० मिटर सम्मलाई धुम्रपान तथा लागुऔषध निषेधित क्षेत्र कायम हुनेछ ।

ङ) सार्वजनिक स्थलहरुमा अश्लिल सामाग्री चित्र, तस्विर बनाउन, अश्लिल गतिविधी गर्न निषेधित हुनेछ ।

च) सार्वजनिक तथा निजी निर्माण कार्यहरु गरिरहँदा सुरक्षा ब्यबस्था अपनाउन, खासगरी बालबालिकाको सुरक्षा सुनिश्चित गर्ने दायित्व निर्माण व्यावसायी, निजि निर्माणकर्ताको हुनेछ ।

## ९. परिवार तथा समुदायमा अवलम्बन गरिने बाल अधिकार सम्वन्धी मापदण्ड

क) प्रत्येक परिवारले आफ्नो परिवारमा जन्मिएका बालबालिकाको जन्मदर्ता प्रचलित कानुन बमोजिम ३५ दिन भित्र गरि सक्नु पर्नेछ

ख) प्रत्येक परिवारले ३ देखि ५ बर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास तथा ५ देखि १७ बर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउनु पर्नेछ ।

ग) कुनै पनि परिवारले आफ्ना बालबालिकामाझ र समुदायका बालबालिकामाझ लिंग, जाति, धर्म रंग,

पारिवारिक हैसियत तथा शारिरीक/यौनिक अवस्थाका आधारमा भेदभाव गर्ने छैन ।

घ) प्रत्येक परिवारले आफ्ना बालबालिकालाई पर्याप्त पोषण, खोप, नियमित स्वास्थ्य सेवा तथा खेल मनोरन्जनको अवसर प्रदान गर्नेछ ।

ङ) कुनै पनि सामाजिक पर्व, बिहे, भोज आदिमा बालबालिकाको सुरक्षा र अवसरमा बालबालिकालाई पहिलो प्राथमिकता दिनेछ ।

च) समुदायमा कसैले पनि बालबालिका विरुद्ध हिंसा, शोषण, दुर्व्यवहार, भेदभाव गरेमा वा त्यस्ता घट्ना हुन लागेको थाहा भएमा प्रहरी कार्यालय/स्थानीय बाल अधिकार समिति वा न्यायिक समितीमा अनुसुची २ बमोजिम उजुरी गर्नुपर्नेछ । यसरी उजुरी प्राप्त भइसकेपछि स्थानीइ बालअधिकार समितिले अनुसुची ३ बमोजिम यसको अभिलेख राख्नुपर्नेछ ।

छ) परिवारभित्र अविभावक तथा बाबुआमाले बालबालिकासँग पारिवारिक अवस्था, बालबालिकाको आवश्यक्ता र समस्याहरुका बारेमा नियमित परामर्श गर्नेछन्।

ज) अविभावक तथा बाबुआमाले बालबालिकाका लागि उपलब्ध गराइएको सामाजिक संरक्षण सुविधा छात्रवृत्ती, सामाजिक सुरक्षा भत्ता, पोषण भत्ता आदि) सम्बन्धित बालबालिकाको लागि तोकिएको प्रयोजनमा नै लगानी गर्नुपर्नेछ ।

झ) अविभावक तथा बाबुआमाले बालबालिकाको आम्दानी तथा बचतलाई १८ बर्ष उमेर पुरा भए पछि फिर्ता लिन

सक्ने गरी नजिकैको सहकारी वा बैंकमा खाता खोली सुरक्षित राखिदिनुपर्नेछ ।

ञ) कुनै पनि अविभावक वा परिवारले आफ्नो परिवार भित्रका २० बर्षभन्दा कम उमेरका ब्यक्तिको विवाह गराउन हुदैन ।

## १०. स्थानीय बजार ब्यबस्थामा बालअधिकार सम्वन्धी मापदण्ड

क) कुनैपनि विद्यालयभन्दा ५० मिटरको दुरी भित्र मदिरा, चुरोट तथा सुर्ती लगायतका सामाग्री बिक्रि वितरण तथा उपभोग गर्न निषेध गरिएको छ ।

ख) विद्यालय परिसर वरपर कुनै पनि चलचित्र, मादक पदाथ,ʼ चुरोट रक्सी तथा अश्लिल साहित्यसँग सम्वन्धी तस्विर, होर्डिंग बोर्ड, पोस्टर पाम्प्लेट लगायतका प्रचार प्रसार गर्न निषेध गरिएको छ ।

ग) सार्वजनिक निकाय तथा विद्यालयहरुमा प्रयोग गरिएको इन्टरनेट प्रविधिमा सेवा प्रदायकले अनिवार्य रुपमा अश्लिल तथा वयस्क सामाग्रीहरुको प्रसारण रोक्ने ब्यबस्था गर्नेछ ।

घ) १८ बर्ष भन्दा कम उमेरका बालबालिकालाई सुर्ती, चुरोट तथा मदिराजन्य पदार्थ र अश्लिल साहीत्य तथा सामाग्री खरिद विक्री वितरण गर्न निषेध गरिएको छ ।

ङ) बालबालिकाका लागि अस्वस्थकर र हानिकारक भनी प्रमाणित भएका खेलौना तथा खाद्य पदार्थहरु बजारमा बिक्री वितरण गर्न निषेध गरिएको छ भने १८ वर्ष भन्दा कम उमेरका वालवालिकालाई जोखिम पूर्ण काममा लगाउन पाइने छैन ।

च) कुनै पनि उद्योग व्यवसायले १४ बर्ष भन्दा कम उमेरका बालबालिकालाई श्रमिकको रुपमा लगाउन निषेध गरिएको छ ।

छ) स्थानीय सहकारी वा बैंकहरुले बालबालिकालाई उपलब्ध गराएको बचत सेवामा अन्यलाई भन्दा थप सुविधा उपलब्ध गराउनपर्नेछ र त्यस्ता सुविधाबापत प्रचलित कानुनमा तोकिएको बाहेक अन्य कुनै थप सेवा शुल्क लिन पाउने छैन ।

# परिच्छेद -३

# बालबालिकाका लागि उपलब्ध सेवाहरु

११. नेपालको संविधान अनुरुप बाल अधिकारको सुनिश्चितता तथा सर्वोत्तम हितको कार्यान्वयन गर्न गाउँपालिकाले देहायका सेवाहरु उपलब्ध गराउनेछ :

**१२. बालबालिकाको स्वास्थ्य तथा पोषण सम्वन्धी सेवाहरु**

क) गर्भवती महिलालाई निःशुल्क रुपमा मासिक स्वास्थ्य सेवा, आइरन चक्कि तथा श्रीमान् एवं परिवारलाई सरक्षित मातृत्व सम्बन्धी परामर्श सेवा ।

ख) गाउँपालिकाद्धारा सञ्चालित स्वास्थ्य संस्थाहरुमा निःशुल्क सुत्केरी सेवा तथा तोकिए बमोजिमको पोषणभत्ता ।

ग) नवजात शिशुलाई नियमित स्वास्थ्य जाँच तथा तोकिएको खोप सेवाहरु निःशुल्क उपलब्ध गराइनेछ

घ) प्रत्येक वडा तथा विद्यालयमा नियमित बाल स्वास्थ्य शिविर (निःशुल्क परिक्षण तथा औषधी सहित) बार्षिक रुपमा न्युनतम २ पटक आयोजना गरिनेछ ।

ङ) एक परिवारमा ५ बर्ष भन्दा कम उमेरका २ सन्तानलाई तोकिए बमोजिम पोषण भत्ता उपलब्ध गराइनेछ ।

च) अविभावक तथा समुदायमा बाल पोषण, बाल अधिकार, बालबालिकाको लागि लगानीका विषयमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

## १३. बालबालिकाको पहिचानसँग सम्बन्धित

क) कानुन बमोजिम जन्म दर्ता गर्न बाधा पुगेका बालबालिकाको जन्म प्रमाणीकरण गरिनेछ ।

## १४. बालबालिकाको शिक्षा र विकाससँग सम्बन्धित

क) ५ देखी १५ बर्ष उमेरका बालबालिकालाई कुनै पनि आधारमा आधारभुत कक्षामा भर्ना हुन निःशुल्क शिक्षा पाउनबाट बन्चित गरिनेछैन ।

ख) १५ बर्ष भन्दा बढी उमेरका बालबालिकालाई रुची अनुसार प्राज्ञीक विद्यालय वा प्राविधिक विद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

ग) प्रत्येक विद्यालयले साप्ताहिक रुपमा बालबालिका लक्षित सृजनात्मक तथा खेलकुद गतिविधि सञ्चालन गर्नेछन् ।

घ) बाल क्लब तथा सञ्जालहरुलाई बालबालिकाको व्यक्तित्व विकासका कार्यक्रमहरु सञ्चालन गर्न, सचेतना कार्यक्रमहरु गर्न तोकिए बमोजिम सहायता प्रदान गरिनेछ ।

## १५. बाल संरक्षणसँग सम्बन्धित

क) बालबालिका विरुद्ध कुटपिट भेदभाव तथा शिक्षा स्वास्थ्य पोषणबाट बन्चित भएमा वा अधिकार उल्लंघन तथा

हनन भएमा न्यायिक समितिबाट निःशुल्क सुनवाइ गरिनेछ ।

ख) हिंसा दुर्व्यवहार प्रभावित बालबालिकाको लागि निःशुल्क अस्थायी संरक्षण, मनोविमर्श तथा कानुनी सहायता प्रदान गरिनेछ ।

ग) बाल बिज्याइ गरेका गाउँपालिकाभित्रका बालबालिकाका लागि निःशुल्क मनोविमर्श तथा कानुनी सहायता प्रदान गरिनेछ ।

घ) हिंसा तथा अपराधबाट प्रमाणित एवं पिडित बालबालिकाका लागि पुनर्स्थापना सेवा प्रदान गरिनेछ ।

ङ) गाउँपालिकाभित्र परिवारसँगै बसोबास गरिरहेका बालबालिकालाई क्षमता विकास, खेलकुद प्रतिस्पर्धा, पर्यटन, पारिवारिक भेटघाट तथा परिवारसँग बाहेक स्थानीय वडा अध्यक्षको अनुमती वेगर गाउँपालिका बाहिर पठाउन निषेध गरिनेछ । स्थानीय प्रहरी प्रशासनबाट बस तथा यातायातका साधनमा बालबालिका ओसारपसारको अनुगमन गरिनेछ ।

च) गाउँपालिकाभित्र स्थायी बसोबास भइ अन्यत्र गएका बालबालिकाको अवस्था जाँच, श्रममा संलग्न बालबालिकाको घरफिर्ती तथा हराएका बालबालिकाको खोजी कार्य गरिनेछ ।

## १६. बालबालिकाको सहभागिता सम्बन्धित

क) प्रत्येक विद्यालय तथा समुदायमा न्युनतम एक बाल क्लब/समुह तथा वडा र गाउँपालिकास्तरमा बाल

सञ्जाल गठन गरिनेछ। बाल क्लव/समुह दर्ताको लागि अनुसुची ४ बमोजिमको निवेदन दिनुपर्नेछ र प्रकृया पुरा भइ दर्ता हुन आएको बाल क्लव वा समुहलाई नियमानुसार दर्ता गरी अनुसुची ५ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ।

ख) बस्तिस्तर योजना भेलामा बाल क्लबका प्रतिनिधिको सहभागिता अनिवार्य हुनेछ।

ग) वडास्तरीय तथा गाउँपालिका स्तरीय योजना बैठकमा बालबालिका सम्वन्धी योजना छलफल तथा योजना कार्यान्वयन र अनुगमनमा सम्वन्धित तहको बाल सञ्जाल प्रतिनिधीको सहभागिता अनिवार्य गरिनेछ।

घ) वडाभित्र रहेका सबै बालक्लबहरुलाई अनिवार्य रुपमा वडाकार्यालयमा सूचीकृत गरिनेछ।

ङ) बाल क्लब तथा सञ्जालका गतिविधीहरुलाई आवश्यक सहायता तोकिए बमोजिम सम्बन्धित विद्यालय तथा वडा कार्यालयबाट उपलब्ध गराइनेछ।

च) बाल समुह तथा सञ्जाल सम्वन्धि ब्यबस्था गाउँपालिकाबाट पारित निर्देशिका बमोजिम गरिनेछ ।

# परिच्छेद -४

# बालअधिकार कार्यान्वयनका लागि संस्थागत व्यवस्था

१७. यस कार्यविधिको कार्यान्वयन तथा प्रवर्द्धनका निम्ति देहायका संस्थागत संयन्त्रहरुको गठन तथा परिचालन गरिनेछ ।

**१८. स्थानीय बाल अधिकार समिति सम्वन्धि व्यवस्था** :

क) गाउँपालिका तहमा उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिका सदस्यको संयोजकत्वमा निम्न सदस्य रहेको एक गाउँपालिका स्तरीय गाउँ बालअधिकार समिति गठन गरिनेछ : यसमा प्रदेश वालवालिका सम्वन्धी ऐन २०७६ को दफा ४६ मा उल्लेख भए अनुसार समिति वन्ने छ

- उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिका सदस्य १ जना संयोजक
- अध्यक्ष वडास्तरीय समितिबाट प्रतिनिधित्व गर्ने वडा सदस्यहरु ४ जना सदस्य
- गाउँपालिका भित्रको माध्यमिक विद्यालयको ब्यबस्थापन समिति अध्यक्ष १ जना सदस्य
- गाउँपालिका स्तरीय बाल सञ्जाल प्रतिनिधि (२ बालिका र २ बालक) ४ जना सदस्य? गाउँपालिकाको स्वास्थ्य केन्द्रका प्रतिनिधि १ जना सदस्य
- गाउँपालिका भित्र बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधी १ जना सदस्य
- गाउँपालिका भित्रको प्रहरी कार्यालयका प्रतिनिधि १ जना सदस्य
- महिला स्वास्थ्य स्वयम सेविकाबाट एक जना सदस्य

- गाउँपालिका भित्र कार्यरत पत्रकार महासंघका प्रतिनिधि १ जना सदस्य बाल कल्याण अधिकारी वा सो कार्य गर्न तोकिएको कर्मचारी १ जना सदस्य सचिव

**ख) बालअधिकार समितिका सदस्यहरुका लागि न्युनतम योग्यता देहाय बमोजिम हुनेछ :**

- २५ बर्ष पुरा भएको
- ईन्द्रावती गाउँपालिका भित्र स्थायी बसोबास वा कार्यरत रहेको कम्तिमा एसएलसी वा सो सरह उत्तिर्ण भएको ।
- नैतिक पतन हुने फौज्दारी अभियोगमा सजाय नपाएको माथी जे सुकै लेखिएको भए पनि वडा सदस्य, विद्यालय ब्यबस्थापन समिति अध्यक्ष, संघसंस्थाका प्रतिनिधी, अन्य पदेन सदस्यहरु तथा बाल सञ्जाल प्रतिनिधिहरुका हकमा उमेर, बसोवास क्षेत्र तथा शैक्षिक योग्यता को आधारमा सदस्य हुन अयोग्य मानीने छैन ।

**ग) वडा स्तरिय बाल अधिकार समितिको काम कर्तब्य अधिकार देहाय बमोजिम हुनेछ ।**

- गाउँपालिकाले निर्माण गर्न योजना, निति तथा नियमहरुमा बाल अधिकारको जाँच तथा मुल्यांकन गर्ने र सुझाव प्रदान गर्ने ।
- स्थानीय तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने .

- स्थानीय तहमा बाल अधिकार अवस्थाको अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने ।
- गराउने । बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरुको संकलन गर्ने र राय सहित न्यायीक समितिमा पठाउने
- बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने ।
- सार्वजनिक सुनवाइका समयमा स्थानीय तहबाट सम्पन्न बाल अधिकारका कार्यहरुको प्रगति विवरण सार्वजनिक गर्ने ।
- बालअधिकारका लागि कार्यरत संघ संस्था, परियोजना, सञ्चार, निजि क्षेत्र तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने ।
- बालक्लव/समुह/सन्जालको दर्ता, अभिलेखीकण तथा अद्यावधिक गर्ने ।

## १९) स्थानीय बाल कल्याण सहजकर्ता :

(१) स्थानीय बाल अधिकार समिति र बाल कल्याण अधिकारीको समन्वय तथा सहकार्यमा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न गाउँपालिकाले स्थानीय बाल कल्याण सहजकर्ताहरु दैनिक ज्यालादारीमा नियुक्त गरिने छ ।

(२) उपदफा (१) बमोजिम स्थानिय बालकल्याण सहजकर्ता नियुक्ति, काम कर्तव्य र अधिकार तथा सेवाको शर्त लगाएत व्यवस्था स्थानीय बाल अधिकार समितिले तोके वमोजिम हुनेछ ।

## २०. वडा बाल अधिकार समिति

क) वडा तहमा सम्बन्धित वडाका वडा अध्यक्षको संयोजकत्वमा निम्न सदस्य रहेको एक वडा बाल अधिकार समिति गठन गरिनेछ ।

- सम्बन्धित वडाको वडाध्यक्ष १ जना अध्यक्ष वडास्तरीय समितिबाट प्रतिनिधित्व गर्ने वडा सदस्य १ जना सदस्य
- वडाभित्रको सबैभन्दा ठुलो विद्यालयको ब्यबस्थापन समिति अध्यक्ष १ जना सदस्य
- वडास्तरीय बाल सञ्जाल प्रतिनिधी (एक बालिका र एक बालक) २ जना सदस्य
- वडाभित्रको स्वास्थ्य केन्द्रका प्रतिनिधी १ जना सदस्य
- वडाक्षेत्र भित्र बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधी १ जना सदस्य
- वडाभित्रको प्रहरी कार्यालयका प्रतिनिधि १ जना सदस्य
- महिला स्वास्थ्य स्वयम सेविकाबाट एक जना
- वडा कार्यालका सचिव वा सो कार्य गर्न तोकिएको कर्मचारी १ जना सदस्य सचिव

**ख) बालअधिकार समितिका सदस्यहरुका लागि न्युनतम योग्यता देहाय बमोजिम हुनेछ :**

- २० बर्ष उमेर पुरा भएको
- सम्बन्धित वडाभित्र स्थायी बसोबास वा कार्यरत रहेको

- कम्तिमा आधारभुत शिक्षा (कक्षा ८) वा सो सरह उत्तिर्ण भएको
- नैतिक पतन हुने फौज्दारी अभियोगमा सजाय नपाएको
- माथी जे सुकै लेखिएको भए पनि वडा सदस्य, विद्यालय ब्यबस्थापन समिति अध्यक्ष, संघसंस्थाका प्रतिनिधी, अन्य पदेन सदस्यहरु तथा बाल सञ्जाल प्रतिनिधिहरुका हकमा उमेर, बसोवास क्षेत्र तथा शैक्षिक योग्यता को आधारमा सदस्य हुन अयोग्य मानीने छैन ।

**ग) वडा बाल अधिकार समितिको काम कर्तब्य अधिकार देहाय बमोजिम हुनेछ :**

- वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्वन्धी योजना, निति तथा कार्यक्रमहरुको निर्माण गर्ने
- वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।
- वडा तहमा बाल अधिकार अवस्थाको अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने ।
- बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरुको संकलन गर्ने र रायसहित न्यायीक समितिमा पठाउने ।
- बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने ।

- वडास्तरमा बाल श्रम, बाल विवाह, बाल बेचबिखन तथा बालबालिका विरुद्ध हुने हिंसा दुर्व्यवहार अन्त गर्न कार्यक्रम सञ्चालन गर्ने ।
- बालमैत्री वडा निर्माण कार्यक्रमहरु सञ्चालन गर्ने ।
- सार्वजनिक सुनवाइका समयमा स्थानीय तहबाट सम्पन्न बाल अधिकारका कार्यहरुको प्रगति विवरण सार्वजनिक गर्ने ।
- बालअधिकारका लागि कार्यरत संघ संस्था, परियोजना, सञ्चार, निजि क्षेत्र तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने ।
- वडामा रहेका बालक्लव/समुह तथा सन्जालको सुची तयार गरी गाउँ बाल अधिकार समितिमा पेश गर्ने ।

## २१. विद्यालय स्तरीय बाल संरक्षण समिति

**क) प्रत्येक विद्यालयमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा तोकिएको व्यवस्थापन समिति सदस्यको संयोजकत्वमा निम्न सदस्य रहेको एक विद्यालय स्तरीय बाल बिद्यालय व्यवस्थापन समितिको संरक्षण समिति गठन गरिनेछ** :

- अध्यक्ष वा निजले तोकेको सदस्य १ जना अध्यक्ष
- अविभावक शिक्षक संघबाट प्रतिनिधित्व गर्ने सदस्य (एक महिला र एक पुरुष) २ जना सदस्य विद्यालयभित्रको बाल क्लब प्रतिनिधि (एक बालिका र एक बालक) २ जना सदस्य

- विद्यालयमा अध्यापनरत शिक्षक प्रतिनिधि (महिला) १ जना सदस्य प्रधानाध्यापक वा निजले तोकेको शिक्षक १ जना सदस्य सचिव

**ख) विद्यालय बालसंरक्षण समितिको काम कर्तब्य अधिकार देहाय बमोजिम हुनेछ :**

- विद्यालयको विद्यालय सुधार योजनामा बालबालिका र बाल अधिकार सम्वन्धि योजना, निति तथा कार्यक्रमहरुको समावेश गर्न सुझाव प्रदान गर्ने ।
- विद्यालयमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।
- विद्यालयमा शिक्षक, अविभावक, विद्यार्थी तथा आगन्तुकहरुका लागि आचार संहिताको निर्माण र कार्यान्वयन गर्ने ।
- विद्यालयमा बाल अधिकार र बाल संरक्षणको अवस्थाको अनुगमन गर्ने ।
- विद्यालयमा बालबालिकाहरुको उजुरी, सुझाव र गुनासोका लागि सुझाव पेटिका को व्यवस्था र नियमित सुनुवाई सञ्चालन गर्ने ।
- बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरुको संकलन गर्ने, सुनुवाइ गर्ने, सुनुवाइ गर्ननसकिने उजुरीहरुका बारेमा राय सहित बाल अधिकार समिति तथा न्यायीक समितिमा पठाउने ।
- बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रमहरु गर्ने गराउने ।

- बालमैत्री विद्यालय प्रवर्द्धनका कार्यक्रमहरु निर्माण र सञ्चालन गर्ने ।
- सामाजिक लेखापरिक्षणका समयमा विद्यालयबाट सम्पन्न बाल अधिकार तथा बालबालअधिकारका लागि कार्यरत संघ संस्था, परियोजना, सञ्चार, निजि क्षेत्र तथा अन्य संरक्षणका कार्यहरुको प्रगती विवरण सार्वजनिक गर्ने ।
- सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने ।
- बिद्यालयमा रहेका बालक्लव/समुह तथा सन्जालको सुची तयार गरी वडा बाल अधिकार समितिमा पेश गर्ने ।

## परिच्छेद- ५

## बालकोष सम्वन्धी ब्यबस्था

२२. गाउँपालिकास्तरमा विशेष संरक्षणको आवश्यकता भएका वालवालिकाको संरक्षणको लागि एक वाल संरक्षण कोष रहनेछ ।

२३. बालकोषका आर्थिक श्रोत निम्न रहनेछन्:

- गाउँपालिकाबाट बार्षिक रुपमा विनियोजीत बजेट,
- संघ संस्थाबाट प्राप्त हुने सहायता तथा जोड (सम्पुरक) कोष,
- निजि व्यावसाय तथा ब्यक्तिहरुबाट प्राप्त हुने दान, दातब्य तथ चन्दा सहायता स्थानीय न्यायीक समितिबाट बालबालिकाविरुद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम,

- प्रदेश सरकार तथा नेपाल सरकारवाट प्राप्त अनुदान रकम,
- अन्य तोकिए बमोजिमका आम्दानीहरु,

२४. बालसंरक्षण कोषको रकम देहायका अवस्थामा स्थानीय बालअधिकार समितिको निर्णयबाट खर्च गर्न सकिनेछ ।

- हिंसापिडित बालबालिकालाई अधिकतम रु.१० हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि,
- हिंसापिडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानुनी सहायतामा लाग्ने खर्च अधिकतम रु.२५ हजार सम्म ।
- जोखिममा रहेका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ती, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षण बापत अधिकतम प्रति बालबालिका रु.५ हजार सम्म ।
- बालकोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रमहरुमा खर्च गर्न पाइनेछैन ।

२५. बाल कोषको खाता सञ्चालन नेपाल सरकारबाट वित्तीय कारोबार गर्न अनुमती प्राप्त सहकारी वा बैकमा भिन्न खाता खोली सञ्चालन गरिनेछ ।

२६. बाल अधिकार समितिको निर्णय अनुसार सहायता उपलब्ध गराउने गरी बाल संरक्षण कोषको खाता सञ्चालक गाउँपालिकाका प्रमूख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुख रहनेछन ।

# परिच्छेद - ६

## सार्वजनिक जानकारी र अनुगमन सम्वन्धि  ब्यबस्था

२७. यस कार्यविधिको सार्वजनिक जानकारीका लागि ईन्द्रावती गाउँपालिकाले प्रकाशन गर्ने राजपत्रमा प्रकाशित गरिनेछ र गाउँसभाका प्रत्येक सदस्य, गाउँपालिकाभित्रका सबै विद्यालय, संघ संस्था तथा प्रहरी कार्यालय र स्वास्थ्य संथाहरुमा एक पटकको लागि निःशुल्क वितरण गरिनेछ ।

२८. सुचनाको हक प्रयोग गरी यस कार्यविधिको बारेमा जानकारी माग्न आएमा फोटोकपीको लाग्ने शुल्क लिइ उपलब्ध गराइनेछ ।

२९. यस कार्यविधिलाई गाउँपालिकाको वेबसाइट तथा फेसबुक पेजमार्फत सार्वजनिक रुपमा उपलब्ध गराइनेछ ।

३०. सार्वजनिक सुनवाइका क्रममा गाउँपालिकाबाट पेश हुने प्रतिवेदनमा यस कार्यविधि अनुसार कार्यान्वयनको र प्रगती प्रतिवेदनको अवस्था समावेश गरिनेछ ।

३१. यस कार्यविधिको कार्यान्वयनको अनुगमन गर्न गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा कार्यपालिका सदस्य महिला १, सामाजिक विकास समिति संयोजक, प्रमुख प्रशासकिय अधिकृत र योजना तथा अनुगमन शाखा प्रमुख सदस्य सचिव रहेको ५ सदस्यीय अनुगमन समिति गठन गरिनेछ ।

३२. अनुगमन समितिले चौमासिक रुपमा कार्यविधिको कार्यान्वयन अवस्था अनुगमन गर्नेछ र गाउँसभामा प्रगती प्रतिवेदन पेश गर्नेछ ।

# परिच्छेद - ७

## विविध

३३. यस कार्यविधिको प्रावधानहरुको व्याख्या गर्ने अधिकार स्थानीय न्यायिक समितिमा रहनेछ ।

३४. यस कार्यविधिको प्रावधानहरु प्रदेश तथा संघीय सरकारबाट निर्मित वा प्रचलित कानुन बमोजिम बाझिएमा बाझिएको हदसम्म स्वत खारेज हुनेछ ।

३५. यस कार्यविधिमा आवश्यक संशोधन गर्न कार्यपालिकाको वैठकले संशोधन गर्न सक्नेछ ।

३६. यस कार्यविधि बमोजिम आबश्यक पर्ने निर्देशन, निर्देशिका तथा कार्यविधि निर्माण र लागु गर्न गाउँकार्यपालिकालाई पुर्ण अधिकार रहनेछ ।

## अनुसुचीहरु :

अनुसुची १ : विद्यालयमा लागु हुने आचार संहिताको नमुना

अनुसुची २ : बाल अधिकार समिति तथा न्यायीक समितिमा उजुरी दिने निवेदनको ढाँचा अनुसुची ३ : बाल अधिकार समितिले राख्ने घट्ना विवरणको अभिलेख फारम

अनुसुची ४ : बाल क्लब/समुह दर्ताका लागि दिइने निवेदनको नमुना

अनुसुची ५ : दर्ता भएका बाल क्लबलाई दिइने प्रमाणपत्रको ढाँचा अनुसुची १ : विद्यालयमा लागु हुने आचार संहिताको नमुना बिद्यालयसँग सम्बद्ध सरोकारवाला हरुको आचार संहिता (नमुनाका लागि)

### क) शिक्षक (Teacher):-

- बालबालिकासँग सँधै मीठो बोल्ने र उत्साहजनक कुरा गर्दै सकारात्मक, स्नेहपूर्ण आपसी सम्मानपूर्ण व्यवहार गर्नेछौं,
- आफ्नो कर्तव्य र जिम्मेवारी बोध गरी बालमैत्री शिक्षण सिकाई अवलम्वन गर्नेछौं,
- कुनै पनि बालबालिकाहरुलाई शारीरिक र मानसिक दण्ड तथा सजाय नदिई सधै कक्षा कोठामा आफुले पढाएको पाठ सबै विद्यार्थीले वुझ्केको सुनिश्चित गर्नेछौं,
- वालमैत्री व्यवहार गर्नेछौं । विद्यालयमा लागू गरिएको आचार संहिता पालना गर्नेछौं ।

- शिक्षक, अभिभावक र विद्यार्थी बीचको त्रिपक्षीय सुमधुर सम्वन्ध कायम गर्न मद्धत गर्नेछौं
- विद्यालय र समुदाय विच सहसम्बन्ध कायम गरी काम गर्नेछौं ।
- विद्यालयलाई राजकार्यविधिक गतिविधिबाट अलग राखी विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गर्न सहयोग गर्नेछौं ।
- समयमै पाठ्यक्रमको अध्यापन पाठ योजना बमोजिम गर्न नियमित कक्षा प्रभावकारी रुपमा अध्यापन गर्नेछौं ।
- पढाई लेखाईमा कमजोर भएका वा अन्य कुनै पनि बालबालिकाको विद्यालयमा दर्ता भएको नामबाहेक, होच्याउने खालका अन्य नाम र उपनाम दिई बोल्ने वा भन्ने कुरालाई पूर्ण रुपमा बन्द गर्नेछौं । कुनै पनि बालबालिकालाई कुट्न, पिटुन वा हप्काउने कार्य आफूले पनि नगर्न र अरु कसैलाई पनि गर्न हुदैन भनी सम्झाउने बुझाउने गर्नेछौं ।
- विद्यालयहाता भित्र धुम्रपान, मद्यपान सेवन गर्ने छैनौं ।

**ख) विद्यार्थी (Student):–**

- विद्यालयमा नियमित उपस्थित भई अनुशासित रुपमा विद्यालयका प्रत्येक गतिविधिमा सक्रिय सहभागी हुनेछौं ।
- विद्यालयमा लागू गरिएको आचार संहिता पालना गर्नेछौं । अभिभावक, शिक्षक र ठूला साथीहरुलाई आदर र सानालाई माया गर्नेछौं ।
- शिक्षक, अभिभावक र विद्यार्थी बीचको त्रिपक्षीय सुमधुर सम्वन्ध कायम गर्नेछौं ।

- नियमित अनुशासित भई गृहकार्य पूरा गर्न लगायत अध्ययनशील भई अध्ययन गर्नेछौं
- आफ्नो साथी, भाइ, दाइ, दिदी, बहिनीको वास्तविक नाम भन्दा अरु नाम वा उपनाम दिएर सम्बोधन गर्ने वा बोल्ने बानी छोड्ने वा पूर्ण रुपमा त्याग्ने काम गर्नेछौं ।
- बालक्लब वा समूहमार्फत बालअधिकारका कुरा र विषयको सम्वर्धन गर्न, प्रचार प्रसार गर्नेछौं ।

## ग) विद्यालय प्रशासन (School administrative) :–

- विद्यालयमा शान्तिपूर्ण, सुरक्षित, भयरहित वातावरणमा पठनपाठनको व्यवस्था गर्नेछौं ।
- शिक्षक विद्यार्थीलाई विद्यालयमा नियमित आउने वातावरण तयार गर्नेछौं ।
- विद्यालय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र समुदाय बीच सुमधुर सम्बन्ध विकास गर्नेछौं ।
- बालबालिकाको वास्तविक नाम भन्दा अन्य नामबाट सम्बोधन गर्न वा बोल्नबाट? प्रतिबन्ध गर्नेछौं ।
- अध्ययन अध्यापनलाई शारीरिक र मानसिक दण्ड वा सजाय दिएर गर्ने प्रचलन वा प्रवृत्ति भए त्यस्तो कार्यलाई तत्काल निषेध गर्न र आवश्यक कारबाहीमा सहयोग गर्नेछौं ।

**घ) विद्यालय व्यवस्थापन समिति (School Management Committee):–**

- बालमैत्री बनाउन विद्यालयको भौतिक संरचना (खेल मैदान, सुरक्षित भवन, कक्षाकोठा, शौचालय, खानेपानी, खेल सामाग्री) निर्माण एवम्व्यवस्था गर्न मद्धत गर्नेछौं ।
- बालमैत्री पठनपाठन व्यवस्थापनको निम्ति आवश्यक व्यवस्था गर्न मद्धत गर्नेछौं ।
- बीचमै विद्यालय छाड्ने विद्यालय उमेरका बालबालिकालाई पुनःभर्ना गर्न प्रेरित गर्नेछौ ।
- बाल संरक्षण कार्यविधि कार्यन्वयनको अनुगमन प्रतिवेदनलाई सम्वोधन गर्न गर्नेछौं ।
- विद्यालय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र समुदायबीच सुमधुर सम्बन्ध विकास गर्न मद्धत गर्नेछौं ।
- अनुशासन वा पढाई लेखाईको नाममा बालबालिकालाई शारीरिक वा मानसिक दण्ड वा सजाय दिने शिक्षकलाई आवश्यक कारबाही गर्न सहयोग गर्नेछौं ।
- पढाई लेखाईमा कमजोर भएका वा अन्यकुनै पनि बालबालिकाको विद्यालयमा दर्ता भएको नाम बाहेक, होच्याउने खालका अन्य नाम र उपनाम प्रयोग गर्ने अभ्यासलाई निरुत्साहित गर्न मद्धत गर्नेछौं ।

**ङ) अभिभावक (Parent)–**

- बालबालिकालाई नियमित र समयमा विद्यालय पठाउनेछौं ।

- ➢ बालबालिकाको हेरचाह, पोषण र सरसफाईमा ध्यान दिनेछौं ।
- ➢ बालबालिकाको इच्छा र भावना बुझी व्यवहार गर्नेछौं ।
- ➢ बालबालिकालाई शैक्षिक सामग्री (झोला, किताव, कापी, कलम आदि) को व्यवस्था
- ➢ मिलाई खाजा सहित विद्यालय पठाउनेछौं ।
- ➢ विद्यालयमा समय-समयमा उपस्थित भई आफ्ना बालबालिकाको समग्र गतिविधि बुझ्न र आवश्यक परामर्श दिनेछौं ।
- ➢ बालबालिकालाई कुनै पनि बहानामा शारीरिक वा मानसिक पीडा, दण्ड वा सजाय पूर्ण रुपमा तत्काल निषेध गर्नेछौं ।
- ➢ बालबालिकाको वास्तविक नाम बाहेक होच्याउने वा पीडा दिने मनसायले त्यस्तो नाम भन्ने वा बोल्ने प्रवृत्तिलाई तत्काल निषेध गर्नेछौं ।
- ➢ विद्यालयले डाकेको बैठकमा उपस्थिति हुने र आवश्यकता अनुसार सहयोग गर्नेछौं ।
- ➢ बिद्यार्थी प्रगति विवरण वुझ्न नियमित रुपमा विद्यालयमा उपस्थिती हुनेछौं ।
- ➢ वालवालिकालाई वाल श्रम सोषण गनै छैनौ ।

**च) समुदाय (Community):–**

- ➢ समुदायमा हुने गरेको विकृति (बालविवाह, हिंसा, श्रम शोषण, दुर्व्यवहार, विभेद) रोक्न सहयोग गर्नेछौं ।
- ➢ विद्यालयमा बाल संरक्षणको निम्ति आवश्यक सहयोगको वातावरण कायम गर्नेछौं ।

- बालबालिकालाई पीडा दिने, होच्याउने, हेप्ने खालका नाम वा शब्द बोल्न, भन्न वा प्रयोग गर्न तत्काल निषेध गर्न मद्धत गर्नेछौं ।
- शारीरिक र मानसिक दण्ड वा सजाय दिएर अध्ययन अध्यापन गर्ने प्रचलन वा प्रवृत्तिलाई तत्काल निषेध गर्न मद्धत गर्नेछौं ।

## अनुसुची २ :

स्थानीय  बाल अधिकार समिति तथा स्थानीय न्यायिक मितिमा उजुरी दिने निवेदनको ढाँचा ईन्द्रावती गाउँपालिका स्थानीय बालअधिकार समिति

उजुरी निवेदन फारामको ढाँचा

मिति .......................

१. विद्यार्थीको नाम थर ............................. (आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

२. कक्षा................... ( आफूलाई कक्षा लेख्न मन नलागे मा नलेख्दा हुने)

३. बिद्यालयको नाम ............................................

४. उमेर ..........................

५. लिङ्ग .................

६. गुनासो तथा घटना .....................................

७. घटना घटाउने व्यक्ति .......................................

८. घटनाको प्रकृति .........................................

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ...........

१०. घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन?

..............................................................................

.......................................................

..............................................................................

.............

निवेदकको दस्तखत (दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)

# अनुसुची ३ :

## बालअधिकार समितिले राख्ने घट्ना विवरणको अभिलेख फारम

## ईन्द्रावती गाउँपालिका स्थानीय  बालअधिकार समिति घटना विवरणको अभिलेख नमुना

क. सं. घटनाको प्रकृति घटनाको पत्रसङ्ख्या कोड)

वडा छात्रा छात्र गुनासोकर्ताको उमेर समूह सम्बोधनको अवस्था कैफियत

१० वर्षभन्दा कम

१०- १४ वर्ष

१४ देखि माथि १८ वर्षसम्म भइ सकेको सम्बोधनको क्रममा नभएको भए कारण सम्प्रेषण गरिएको निकाय

१.

२.

३.

४.

५.

## अनुसुची ४ :

बालक्लब ⁄ समुह दर्ताका लागि दिइने निवेदनको नमुना ईन्द्रावती गाउँपालिका बालअधिकार समिति बाल क्लब ⁄ समुह दर्ताका लागि दिइने निवेदनको नमुना

१. बालक्लव ⁄ समुहको नाम :

२. बालक्लव ⁄ समुहको ठेगाना :

३. बालक्लव ⁄ समुहको लागि सम्पर्क व्यक्ति :

४. सम्पर्क शिक्षक ⁄ व्यक्ति ⁄ सहजकर्ता ४. बालक्लव ⁄ समुह स्थापना वा गठन गरिएको मिति :

५. बालक्लव ⁄ समुहको प्रकार (ठिक चिन्हलगाउनुस)

क) विद्यालयमा आधारित बालक्लव ⁄ समुह

ख) समुदायमा आधारित बालक्लव ⁄ समुह

ग) विषयगत बालक्लव ⁄ समुह

घ) विशिष्टीकृत बालक्लव ⁄ समुह

ङ) बाल समुह संजाल

६. उद्धेश्य

क)

ख)

ग)

७. मुख्य कार्यक्रम

क)

ख)

ग)

८. कार्यसमिति सदस्यहरु क्र.सं नाम ठेगाना पद सम्पर्क नम्वर कैफियत

१

२

३

४

५

६

७

निवेदक नाम :

पद :

मिति :

हस्ताक्षर :

संग्लन कागजातहरु

१. बालक्लव दर्ताका लागि बसिएको बैठकको निर्णय प्रतिलिपी

२. पदाधिकारीहरुको परिचय खोल्ने कागजात जन्मदर्ता, विद्यालयको सिफारिस, प्रमाण पत्र, अन्य कागजात

## अनुसुची ५ :

## सूचीकृत बाल क्लब/समुहलाई दिइने प्रमाणपत्रको ढाँचा

दर्ता नं ............... दर्ता मिति : ............

ईन्द्रावती गाउँपालिका गाउँ बाल अधिकार समिति

बाल क्लव/समुह दर्ता–प्रमाण पत्र बाल अधिकार सम्वन्धि महासन्धि १९८९ र बालबालिका सम्वन्धि ऐन, २०७५ एवम ईन्द्रावती गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन नीति, २०७५ को दफा १६ (क) बमोजिम सिन्धुपाल्चोक जिल्ला ईन्द्रावती गाँउपालिका वडा नं..........मा अवस्थित........................................ बाल क्लव/ समुह/ दर्ता गरी यो आवद्धता– प्रमाण पत्र प्रदान गरिएको छ । बाल अधिकार संरक्षण र सम्वर्द्धनमा सक्रिय योगदान रहने अपेक्षा गर्दै यस बाल क्लव/ समुह/ को उत्तरोत्तर प्रगतिको कामना गरिन्छ ।

बाल कल्याण अधिकारी अध्यक्ष

# नेपालको संविधान र वाल अधिकार

## धारा ३९ : वालअधिकारको हक

१ प्रत्येक वालवालिकालाइ आफनो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।

२ प्रत्येक वालवालिकालाइ परिवार तथा राज्यवाट शिक्षा स्वास्थ्य पालन पोषण उचित स्याहार खेलकुद मनोरन्जन तथा सर्वागिण व्यक्तित्व विकासको हक हुनेछ ।

३ प्रत्येक वालवालिकालाइ प्रारभ्मिक वाल विकास तथा वाल सहभागिताको हक हुनेछ ।

४ कुनै पनि वालवालिकालाइ कलकारखाना खानी वा यस्ते अन्य जोखिमपुर्ण काममा लगाउन पाइने छैन

५ कुनै पनि वालवालिकालाइ वालविवाह गैरकानुनी ओसार पसार र अपहरण गर्न वा वन्धक राख्न पाइने छैन

६ कुनै पनि वालवालिकालाइ सेना प्रहरी वा सशस्त्र समुहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार उपेक्षा वा शारीरिक यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन

७ कुनै पनि वालवालिकालाइ वाल अनुकुल न्यायको हक हुने छ ।

८ असहाय अनाथ अपांगता भएका द्बन्द्ध पीडित विस्थापित एवं जोखिममा रहेका वालवालिकालाइ राज्यवाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

९ उपधारा (४)(५)(६)र (७) विपरितका कार्य कानुन वमोजिम दण्डनिय हुनेछन र त्यस्तो कार्यवाट पीडित वालवालिकालाइ पीडकवाट कानुन वमोजिम क्षतिपुर्ति पाउने हक हुनेछ ।

यसका अतिरिक्त संविधानका तल उल्लेख भए लगाएतका धाराहरु वालवालिकाका लागी पनि आकर्षित हुन्छन

धारा १८ समानताको हक

धारा २० न्याय सम्वधी हक

धारा २९ शोषण विरुद्धको हक

धारा ३१ शिक्षा सम्वन्धी हक

धारा ३५ स्वास्थ्य सम्वन्धी हक

धारा ४० दलितको हक

धारा ४२ सामाजिक न्यायको हक

धारा ४३ सामाजिक सुरक्षाको हक

## धारा ५१ राज्यका नीतिहरु

झ) वालश्रम लगायत श्रमशोषणका सवै रुपको अन्त्य गर्ने

ञ) वालवालिकाको सर्वोत्तम हितलाइ प्राथमिक रुपमा ध्यान दिने

# वालवालिका सम्वन्धी विभिन्न सचेतना कार्यक्रमहरुमा प्रयोग गर्न सकिने केही सन्देशहरु

- वलवालिकाको संरक्षण गर्दै वालअधिकारको सम्वद्धन प्रवद्धन गर्नु हामी सवैको दायित्व हो
- वालवालिकामाथि हिंसा दुर्व्यवहार यौन शोषण श्रमशोषण भएको छ ।वालअधिकारको उल्लंघन भएको छ भने वाल हेल्पलाइनको पैसा नलाग्ने फोन १०९८ मा खवर गरौ
- वालवालिकालाइ डर वल करले हैन रहरले नै अनुशासीत हुन सिकाऔ ।
- वालवालिका माथि जो कसैवाट हिंसा दुर्व्यवहार हुन सक्छ त्यसैले सावधान रहौ, वालवालिकालाइ पनि सतर्क रहन सिकाऔ
- आफन्त हुन या चिनेजानेका पा पराइ जो सुकैले असजिलो लाग्ने गरि छोएमा वालवालिकालाइ हुन्न अर्थात नाइ भन्न सिकाऔ त्यस्ता कुरा नलुकाउन सचेत गराऔ सहयोग गरौ ।
- आफनो घर व्यवसायमा वालवालिकालाइ श्रममा नलगाऔ अरुलाइ पनि वालश्रम प्रयोग नगर्न सुचित गरौ
- वालवालिकामाथि हिंसा दुर्व्यवहार भएको घटना लुकाउनु भनेको वालवालिकालाइ अझ वढी जोखिममा पार्नु हो तुरुन्त उजुरी गरौ वालवाललिकाको संरक्षण गरौ ।
- जोखिम परिस्थितिमा रहेका वालवालिकाको उद्धार तथा पुनस्थापनाका लागी सहयोग गरौ
- अपागता भएका वालवालिकाको विशेष आवश्यकतालाइ प्राथमिकता दिऔ उनिहरुको विशेष क्षमतालाइ प्रोत्साहित गरौ
- वालवालिका हराएमा वा अलपत्र वेवारिस फेला परेमा वालवालिका खोज तलास समन्वय केन्द्रको निशुल्क फोन नं १०४ मा खवर गरौ ।
- वालवालिकालाइ श्रमशोषण हुनवाट जोगाऔ जोखिममा रहेका वालवालिकाको उद्धार र पुन स्थापनामा सहयोग गरौ ।

- कुरिति छ जतातत‍ै हिमाल पहाड तराइ आजैवाट रोकौ सवै मिलि वाल विवाहलाइ
- वाहुन क्षेत्री हुन या दलित जनजाती
- हिमाली पहाडी हुन या मधेशी
- यी सवै भन्दा माथि गर्व गरौ हामी हौ नेपाली
- नगरौ आपसी इर्स्या घृणा अनि भेदभाव कसैलाइ

प्रमाणिकरण मितिः २०७९।०९।०७

आज्ञाले,
राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत